गण्डकी प्रदेश सरकार
कृषि, उर्जा तथा जलस्रोत मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, कास्की**
पोखरा, नेपाल

## कार्यक्रम सञ्चालनको लागि प्रस्ताव माग गरिएको सम्वन्धी सूचना

(सूचना प्रकाशन मितिः २०७९/१२/०१)

यस कार्यालयको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत तपशिलका कार्यक्रम संचालन गर्न इच्छुक कास्की जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि कम्पनी, कृषिसंग सम्वन्धित समूह तथा सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (मिति २०७९/१२/१५ गते) भित्र तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा आवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ।

**तपशिलः**

| क्र. सं | कार्यक्रमको नाम | अधिकतम अनुदान सहयोग/ लागत साझेदारी | कूल कार्यक्रम बजेट रू | मापदण्ड |
|---|---|---|---|---|
| १ | बीउ उत्पादन, प्रशोधन तथा भण्डारण सम्वन्धि यन्त्र उपकरण सहयोग कार्यक्रम | गण्डकी प्रदेश सरकार, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धि एकिकृत कार्यविधि, २०७७ अनुसार अधिकतम कूल लागतको ७५% सम्म | १० लाख | बीउ उत्पादन, प्रशोधन वा भण्डारण सम्वन्धि कार्यक्रम संचालन गरिरहेको हुनुपर्ने |
| २ | मकै बीउ उत्पादन तथा मकैबाली प्रबर्द्धन आयोजना | मकै बीउ उत्पादन तथा मकैबाली प्रबर्द्धन आयोजना कार्यान्वयन मापदण्ड अनुसार कूल लागतको बढिमा ५०% सम्म | ५ लाख | मकै बीउको वजारीकरण सम्वन्धि कार्यक्रम संचालन गरिरहेको हुनुपर्ने |

**आवश्यक कागजातहरुः**

- निर्दिष्ट ढाँचामा निवेदन र प्रस्ताव
- सोही प्रकृतिको कार्यक्रमका लागी अघिल्लो २ आ.व. मा कुनै कार्यालयवाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र
- व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि
- कार्यक्रममा सहभागी गराउने सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस
- कृषक समूह, सहकारी र साझेदारी कम्पनीको हकमा कार्यसमितीको निर्णय प्रतिलिपि, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, PAN/VAT दर्ता प्रर्माण पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण पत्र/अडिट रिपोर्टको प्रतिलिपि

नोटः कार्यक्रम सम्बन्धी निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट एवं यस कार्यलयको वेवसाईट kaski.akc.gov.np बाट प्राप्त गर्न सकिनेछ। थप जानकारीको लागि ०६१-४६१२५०, ९८५६००१३४४, ९८५७६३१२४१, ९८५७०४१२३१, ९८५६०३७४३५ मा सम्पर्क गर्न सकिनेछ।

२०७९/१२/०१
...अधिकारी